# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.






## अठारौं वार्षिक साधारण सभाको

# काम कारबाही

# तथा निर्णय पुस्तिका (माइन्यूट)

**२६ पौष, २०७६**

साना किसान विकास लघुवित्त वित्तीय संस्थालि.

केन्द्रीय कार्यालय, काठमाडौं ।

# साना किसान विकास वित्तीय संस्था लि.

## अठारौं वार्षिक साधारण सभाको कामकारबाही तथा निर्णयपुस्तिका (माइन्यूट)

१. **वैधानिक सभा** यस वित्तीय संस्थाको मिति २०७६ पौष ३ गते बसेको सञ्चालक समितिको ३६३ औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको अठारौं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली बमोजिम, निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरू उपर छलफल गर्ने निर्णय भएको थियो ।

१.१. **सभाको मिति, स्थान र समय**

(१) मिति : २०७६ पौष २६ गते (January 11, 2020) शनिबार

(२) समय : बिहान ११.०० बजे

(३) स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

१.२. **छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७५/०७६ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरू लगायत वार्षिक आर्थिक विवरणहरू समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ एवं बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३(१) अनुसार आ. व. २०७६/७७ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (लेखा परिक्षण समितिबाट कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को अधिनमा रही लेखापरीक्षकको पुनः नियुक्तिका लागि पूर्ववत सेवा शर्त कायमै रहने गरी साविकका लेखापरीक्षक सि.ए. खगेन्द्र भट्टराई (खगेन्द्र एण्ड एसोसिएट्स) चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भई आएको छ ।)

(४) आ.व.२०७५/७६ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरूलाई चुक्ता पुँजी रु. ७८,६०,३४,९१२/११ को १.४३४२१०५२६ प्रतिशतले हुने रु. १,१२,७३,३९५/४५ ( अक्षेरेपी एक करोड बाह्र लाख त्रिहत्तर हजार तीन सय पन्चानब्बे रुपियाँ पैंतालिस पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(५) यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालक पदमा मिति २०७६/०२/२० गते श्री उपहार राज घिमिरे (चार्टर्ड एकाउण्टेण्ट) नियुक्त भएको जानकारी सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव :**

(१) यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको अधिकृत, जारी र चुक्ता पुँजी क्रमशः रु.१ अर्ब, रु. १ अर्ब र रु. ६४ करोडमा वृद्धि गरी क्रमशः रु. २ अर्ब ७५ करोड, रु.२ अर्ब र रु. १,०००,२२९,४२५.६६ कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रवन्धपत्रको दफा ५ मा संशोधन गर्ने सम्बन्धमा ।

(२) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/७६ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयर धनीहरूलाई चुक्ता पुँजी रु.७८,६०,३४,९१२.११ को २७.२५ प्रतिशतले हुने रु. २१,४१,९४,५१३/५५ (अक्षरेपी एक्काइस करोड एकचालिस लाख चौरानब्बे हजार पाँच सय तेह्र रुपैयाँ पचपन्न पैसामात्र) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्वन्धमा ।

(३) सञ्चालक समितिको बैठक भत्ता तथा सुविधा वृद्धि गर्ने सम्बन्धमा ।

(४) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

(ग) विविध

## २. सभाको सूचना

साधारण सभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारण सभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै शेयर धनीहरूलाई निजहरूले यस बैंकलाई उपलब्ध गराएको ठेगानामा यस बैंकको केन्द्रीय र इलाका कार्यालय मार्फत सभा, मिति र छलफल गर्ने विषयहरू खोली संक्षिप्त वार्षिक आर्थिक विवरण समेत संलग्न राखी सूचना पठाइएको थियो । साधारण सभा सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिका आर्थिक अभियान दैनिकमा मिति २०७५/०९/४ गते र सोको सूचना अन्नपूर्ण दैनिकमा मिति २०७५/१०/५ गते प्रकाशन समेत गरिएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७८ को उपदफा (३) बमोजिम वार्षिक साधारण सभा हुनुभन्दा एक्काईस दिन अगावै दफा ८४ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालकको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयर धनीहरूले निरीक्षण गर्न र प्राप्त गर्न सक्ने गरी यस बैंकको केन्द्रीय कार्यालय र शेयर रजिष्ट्रार श्री नबिल ईन्भष्टमेण्ट बैंकिङ्ग लि.को कार्यालय नक्साल, काठमाडौंमा व्यवस्था मिलाइएको थियो ।

## ३. उपस्थिति

### ३.१. कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरूप उपस्थित सञ्चालकहरू

| | |
|---|---|
| १. श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. श्री प्रताप सुवेदी | सञ्चालक |
| ३. श्री चाँदनी ढकाल | सञ्चालक |
| ४. श्री रविन्द्र यादव | सञ्चालक |
| ५. श्री उमेस लम्साल | सञ्चालक |
| ६. श्री भुपेश छत्कुली | सञ्चालक |
| ७. श्री उपहार राज घिमिरे | सञ्चालक |

### ३.२. शेयरधनी(प्रतिनिधि)हरूको उपस्थिति

१. कृषि विकास बैंक लि., प्रतिनिधि श्री हिमलाल पौडेल

२. नेपाल बैंक लि., प्रतिनिधि श्री खड्ग सिंह मोक्तान

३. नबिल बैंक लि., प्रतिनिधि श्री मनोज कुमार यादव

४. २३१ वटा साना किसान सहकारी संस्थाहरू मध्येबाट १३३ वटा संस्थाका १३३ जना

५. सर्वसाधारण शेयरधनीका तर्फबाट कुल शेयरधनीको प्रतिनिधिहरू उपस्थित भइ हाजिर जनाउने २९८ जना ।

### ३.३. अन्य पदाधिकारीको उपस्थिति

| | |
|---|---|
| १. डा.शिवराम प्रसाद कोइराला | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री झलेन्द्र भट्टराई | कम्पनी सचिव |
| ३. डा. नवराज सिम्खडा, | नायव प्रमुख कार्यकारी अधिकृत |

### ३.४. अन्य उपस्थिति/पर्यवेक्षक

१. श्री पोषणराज लामिछाने - कानूनी सल्लाहकार

२. श्री रुद्र भट्टराई - महाप्रवन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.

३. श्री मनिषा दहाल - नविल इन्भेष्मेन्ट बैंकिङ्ग लि.

४. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरूप)

| विवरण | कुल शेयर धनी संख्या | शेयर संख्या | उपस्थित शेयर धनी संख्या | कुल शेयर मध्ये प्रतिनिधित्व भएको शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि विकास वित्तीय संस्थालि. | १ | १७३१५८८ | १ | १७३१५८८ | १०० |
| नेपाल बैंक लि. | १ | ९५४५० | १ | ९५४५० | १०० |
| नबिल बैंक लि. | १ | २३८६२६ | १ | २३८६२६ | १०० |
| सा.कि.सहकारी संस्था लि. हरू | २३१ | ३४३१०१२ | १३३ | २२६४२०७ | ६६ |
| सर्वसाधारण शेयरधनीहरू | | २३६३६७२ | २९८ | ८८८३८ | ३.७६ |
| जम्मा | | ७८६०३४८ | ४३४ | ४४१८७०९ | ५६.२१ |

## ५. सभाको वैधानिकता र सभा सञ्चालन

५.१. कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनकोदफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुलशेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरधनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाका अठारौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ४३४ भएको र कुल शेयरको ५६.२१ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानूनअनुसार सभा वैधानिक हुने जानकारी गराए पश्चात सभाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा गर्न थपडी बजाएर मञ्जुर गरेको थियो ।

५.२. सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र यस वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भएबमोजिम कम्पनी सचिवले वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षज्यूलाई सभाको अध्यक्षता गर्न अनुरोध गर्नु भएपछि वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले सभापतिको आसन ग्रहण गर्नुभयो । तत् पश्चात राष्ट्रिय गान भएको थियो र दिप प्रज्वलन गरी अध्यक्षबाट कार्यक्रम समुदघाटन गर्नुभयो ।

५.३. अध्यक्षको सहमतिबाट प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले वित्तीय संस्थाका गतिविधि माथि प्रकाश पार्दै साधारण सभामा उपस्थित शेयरधनीहरू लगायत सम्पूर्ण महानुभावहरूलाई स्वागत गर्नुभएको थियो ।

५.४. पूर्व निर्धारित छलफलका विषयहरू उपर छलफल तथा निर्णयार्थ सभा सञ्चालन गर्न सभाका अध्यक्षबाट अनुमती भए पश्चात साधारण सभाको कार्यक्रम प्रारम्भ भयो ।

## ६. वार्षिक साधारण सभाको प्रस्तुती

६.१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयर महानुभावहरूलाई स्वागत एवं अभिवादन गर्दै पूर्वनिर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०७५/०७६ को सञ्चालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो ।

६.२. अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले इच्छुक शेयर महानुभावहरूलाई सञ्चालक समितिको प्रतिवेदन एवं लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वासलात र मिति २०७५/०४/०१ देखि २०७६/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू उपर छलफल एवं आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागि आह्वान गर्नुभयो ।

७. छलफलमा शेयरधनीहरूबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरू

छलफलको क्रममा शेयरधनी वक्ताहरूले व्यक्त गर्नुभएको विचार, जिज्ञासा तथा सुझावहरूलाई तल प्रस्तुत गरिएकोछ ।

- श्री नरसिंहलाल चखुँ : लगानीकर्ताको लागि राम्रो प्रतिफल दिएकोमा सञ्चालक, व्यवस्थापन सबैलाई धन्यवाद छ । सूचकाङ्कहरू मध्ये केही सुधार गर्नु पर्छ । एनपिए व्यवस्थापनमा कम्पनी राम्रो छ । म्यानेजमेन्ट इन्फरमेसन्स सिष्टममा पनि राम्रो गर्दै आएको छ । अरु कम्पनीभन्दा अघि जान नयाँ नयाँ प्रोडक्ट ल्याउन आवश्यक छ । प्रोजेक्ट म्यानेजमेन्ट सिस्टम राम्रो छ । कम्पनीलाई अझै प्रोत्साहन गर्न पर्छ ।
- श्री डमरुवल्लभ घिमिरे : उपस्थित सबैलाई सम्बोधन गर्नु भयो । समयभित्रै साधारण सभा गरेकोमा धन्यवाद छ । प्रतिस्पर्धाको समय छ । अझै छिटोछरितो काम गर्न अनुरोध छ । ठूला बैंकको सबैले कुरा गर्छन् । सानालाई हेर्ने यो संस्था अझ सफल होस् । व्यवस्थापन सह्राहनीय छ । सबैले मिहिनत गरेको पाएको छु । सञ्चालक समितिको विस्तृत प्रतिवेदन त वार्षिक प्रगति प्रतिवेदनमा छोपेर हातहातै छ । अध्यक्षज्यूले सभामा त्यसको सानो सारांश सुनाएर प्रतिवेदन अझै छोटो वाचन गर्ने परिपाटी बनाउनु होस् । मर्जरको सुनामी आएको छ । यसको व्यवसाय अलि खुम्चिएको हो कि, जस्तो लाग्छ । १८ वर्षमा भएको प्रगति कम हो कि ? मर्जरमा जान पनि उपयुक्त होला । यो वित्तीय संस्थाको फैलावट देशव्यपी हुन पर्छ । लघुवित्तमा छुट्टै पहिचान कायम गर्न सफल छ यो संस्था । लगानी कर्तालाई राम्रो प्रतिफल २७.२५ प्रतिशत बोनस शेयर दिन सक्षम भएकोमा सम्बद्ध सबैलाई बधाई र धन्यवाद दिन चाहान्छु । तर यो अरु लघुवित्तहरूको हेर्दा तुलनात्मक रूपमा कम हो । व्यवस्थापनस्तरका कर्मचारीको प्रतिवेदनमा फोटो राख्नु पर्छ । नेपाल राष्ट्र बैंकले दिएको निर्देशन साना तिना छन् । ती कुराहरू पालना गर्नुहोला । प्रस्तावित सञ्चालक समितिको सुविधामाथि पुनरविचार गर्नुहोस् । प्रतिवेदनमा भएका साना तिना कमजोरीहरू हटाउन मेरो सुझाव छ । व्यवस्थापनलाई धन्यवाद छ । कम्पनी सचिव फोकल पर्सन भएकोले प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिवको तस्विर सञ्चालक समितिको सँगै राख्न राम्रो हुन्छ । साधारण सभा आगामी दिनमा अझै छिटो गर्न पर्ला । १८ औं साधारण सभाको सफलताको कामना गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । साधारण सभा गर्ने स्थान सानो भएको छ । आगामी दिनमा अलि ठूलो ठाऊँमा गर्नु पर्ला । सबैलाई धन्यवाद छ ।
- श्री चन्द्रनारायण श्रेष्ठ रु. ४९ करोड खुदनाफा गरी २७.२५ प्रतिशत बोनस शेयर दिई रु.१ अर्ब पेडअप क्यापिटल पुऱ्याउन सफल भएकोमा खुशी लागेको छ । १ रुपैया सापटी लिई १.१४ रुपैया सापटी दिन सक्षम छ कम्पनी । ३० प्रतिशत रेभन्यू र २७ प्रतिशत आम्दानी हुनु अत्यन्त राम्रो हो । सबै रेसियो राम्रो छ । नगद लाभांश दिन सक्ने गरी आम्दानी गर्न सकेको छैन । गत वर्ष चुक्ता पुँजी रु. ७८ करोड भएकोमा रु. ६४ करोड संशोधनको तीन-महलेमा लेखिएको छ । यो गल्ती भएको हो की ? लघुवित्त क्षेत्रको कुल क्यापिटलको १७ प्रतिशत भन्दा बढी हिस्सा यसको छ । कारोबार पनि राम्रो कभरेज छ । समयमा प्रतिवेदन तयार गरी वार्षिक साधारण सभा गर्नु भएकोमा धन्यवाद छ । हाम्रो व्याज मार्जिन कम देखिएको छ । कर्जा प्रवाह गरी व्याज आम्दानी गर्नुभन्दा लगानीमा जोड दिनु पऱ्यो । खर्च र लागत घटाएर अर्को बर्ष बढी नाफा गर्न अनुरोध गर्दछु ।
- श्री शिवप्रसाद पौडेल : अध्यक्षको मन्तव्य लामो भयो । साधारण सभामा भिजन सहितको छोटो प्रतिवेदन वाचन गर्ने गर्नुहोस् । जुन लाभांश दिएको छ त्यो राम्रो छ । लाभांश चाँडो लिस्टिङ्ग गर्नुहोस् । अरु थोक लघुवित्त संस्थाहरूले असोजमा नै साधारण सभा गर्न थाले । यसले पनि छिटो गर्न पऱ्यो । हामी बोल्ने सर्वसाधारण शेयरधनी थोरै हुन्छौं । बोल्ने शेयरधनीलाई चिनेर अग्रिम रूपमा प्रतिवेदन पठाउने गर्नुपऱ्यो । वित्तीय

संस्थाले गरेका वा सहयोग दिई साझेदार संस्थाहरूले गरेका हरेक सामाजिक सामुदायिक कार्यक्रममा साना किसान लघुवित्त वित्तीय संस्थाको लोगो राख्ने काम गर्नुहोस् । सुविधा बढाउने प्रस्ताव ल्याउनु भएको छ । यसमा म केही भन्न चाहन्न । संस्थाले साना किसान लगानीकर्ता सबैलाई ध्यान दिएको छ । राम्रो प्रतिवेदन आएको छ । अहिले लोभीपापी धेरै छन् । यो संस्थाको लगानी नडुब्ने गरी लगानी होस् । मासुजन्य/दुग्धजन्य देखि लिएर कृषिको विकासमा यस संस्थाले राम्रो भूमिका खेलेको छ । पेज नम्बर ८४ केही प्रिन्ट गल्ती छन् । यसमा ध्यान दिनु पर्ला । अन्तमा अर्को वर्ष नगद लाभांशको पनि व्यवस्था गरोस् । सफलताको लागि शुभकामना !

- श्री इन्द्रकृष्ण श्रेष्ठ : यस अघि बोडेमा साधारण सभा गर्दा जान आउन कठिन भयो भनेको थिएँ । अहिले त्यो कुरा सम्बोधन भएको छ । गाँउबाट आउने शेयरधनीहरू अहिलेसम्म भोकै छन् । साधारण सभामा खानाको व्यवस्था गरेको भए राम्रो हुन्थ्यो । यसले दिएको २७.२५ % बोनस शेयर अति कम भयो । अहिले ड्यासमा अध्यक्ष र सिइओ सँगै बस्न पर्थ्यो । आसन व्यवस्था ठीक देखिएन । धेरै दिदी बहिनीले चलाएको संस्था यहाँ उपस्थिति पनि त्यत्तिकै छ । तपाईहरू राम्ररी सभामा बसेर रमाइलो गरेर घर फर्कनु होला । शेयर स्वामित्वको आधारमा सर्वसाधारणबाट अध्यक्ष हुनुपर्ने देखियो । धन्यवाद !
- श्री रामगोपाल महर्जन : २७.२५ प्रतिशत बोनस शेयरको प्रतिफलका लागि धन्यवाद । कारोबार बढेको छ । निस्कृय कर्जा अत्यन्त कम राख्न सफल भएकोछ । जलविद्युत लगानी कम्पनीमा लगानीको प्रतिफल के छ ? हाइड्रोपावर र अन्य कम्पनीमा लागानी गर्दा ध्यान दिनुपर्छ । अरु भन्दा यो वित्तीय संस्था अव्वल हुनुपर्छ । त्यसको लागि व्यवस्थापन राम्रो गर्न सक्नुपर्छ । बनाउन समय लाग्छ । बिग्रन बेर छैन । सञ्चालकको सुविधा प्रस्ताव अझै स्पष्टरुपमा आउनु पर्छ । यती राम्रो संस्थालाई पनि नेपाल राष्ट्र बैंकले जोखिम समितिको बैठक नियमित गर्न निर्देशन हुनु राम्रो होइन, यस्तो नहोस् । कम्पनी राम्रो छ, अझ राम्रो होस् । धन्यवाद !
- श्री युगल प्रसाद यादव : प्रतिनिधि, साना किसान कृषि सहकारी भंगाहा, महोत्तरी । सबै उपस्थित मित्रहरूमा अभिवादन छ । साधारण सभा गर्ने भनेको सानो समारोह हैन । विपन्न वर्गमा अझै साना किसान वित्तीय संस्था पुग्न सकेको छैन । यस कम्पनीलेनै बिमा कम्पनी पनि खोली सञ्चालन गर्न सकेको भए अझ राम्रो हुन्थ्यो । बोनस, लाभांश बढाउनुभन्दा पनि ब्याजदर कम गर्नुपर्ने अवस्था छ । विद्वान र अनुभवी अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ । साना किसानलाई कसरी हुन्छ ब्याज घटाउन पहल गरिदिनु पऱ्यो ।
- श्री सुरेन्द्र प्रसाद यादव : प्रतिनिधि, साना किसान कृषि सहकारी संस्था लि. मध्य हर्षाही, सुनसरी । साना किसानको ब्याज महङ्गो भयो भन्ने किसानहरूको गुनासो छ । साना किसानलाई बिचार गर्नुपर्छ यो संस्थाले । सरकारले वाणिज्य बैंकहरूबाट ब्याज सहुलियत दिएको छ । तर साना किसानलाई छैन । त्यो कुरा आजको प्रतिवेदनमा आएको भए राम्रो हुन्थ्यो । कमसेकम झोला त राम्रो दिएको भए राम्रो हुन्थ्यो । साधारण सभामा आउँदा साना किसान सहकारीका प्रतिनिधिहरूलाई मात्र भए पनि अर्को वर्षदेखि बास बस्ने व्यवस्था मिलाई दिनुपऱ्यो ।
- श्री खगेन्द्र प्रसाद भण्डारी : प्रतिनिधि, साना किसान कृषि सहकारी संस्था लि. लेटाङ्ग, मोरङ । आज थोरै लगानी गर्नेहरूले कति लाभ पाइयो भन्ने कुरा मात्र गर्नुभयो । साना किसानलाई के दिइयो ? के पाए भन्ने कसैले कुरा गरेन । वेभसाइटमा नयाँ कुरा अपडेट होस् । नयाँ सहकारीहरूले पनि शेयर पाओस् । डिम्याटमा वित्तीय संस्थाले सहकारीलाई सहयोग गरोस् । इजरायल जानेहरूले पेशा व्यवसाय नगरे धितो रोक्का राख्ने गरे राम्रो हुन्छ । कमजोर संस्था सुदृढीकरण कार्यक्रम सञ्चालन गरेर संस्था कमजोर हुन नदिन

सर्तक हुनुपर्छ । कम्पनी र सहकारी २ वटा कानूनको कारण दुविधा छ । कम्पनीलाई नाफा सहकारीलाई सेवा चाहिएको छ । ब्याजदरमा सुविधा दिने तर्फ ध्यान जाओस् । कृषि प्रविधि सहयोग जुटाउन आवश्यक छ । बाली बिमालगायतका कार्यक्रम पनि सञ्चालन हुन पर्‍यो । धन्यवाद !

- श्री हरि पौडेल : प्रतिनिधि साना किसान कृषि सहकारी वीरेन्द्रनगर चितवन, यो संस्था खोल्दै गर्दा साना किसानको संस्था बनाउने कुरा थियो । कम्पनी कानून र नेपालको कानुनले के बनायो के बनायो । सर्वसाधारण शेयरधनीले थोरै कमायो भन्नुभयो । साना किसानका प्रतिनिधले सुविधा दिन भन्नुभयो । नाफा बढाउन पर्‍यो भन्नु भएन । असुलीदर राम्रो छ । खराब कर्जा एकदम कम छ । तर सहकारी संस्थाको अवस्थाको सम्बन्धमा कसैले हेरेको छैन । सहकारी संस्था राम्रो भए वित्तीय संस्था राम्रो हुने हो । वाणिज्य बैंकबाट सरकारको ब्याज अनुदानमा २.६८ प्रतिशत देखि ५ प्रतिशतमा ऋण पाउँछन् । हाम्रो संस्थाले सहुलियत ऋण पनि ९ प्रतिशतमा दिन वाध्य छौं । इजरायल जानेहरूले केही पैसा ल्याए तर राम्रो सीप लिई आउन सकेका छैनन् । यस वित्तीय संस्थाको सञ्चालकमा प्रतिनिधित्व गर्ने साना किसान सहकारीका साना किसान सहकारीबाट आएका प्रतिनिधिहरू निरीह देख्छु ।

लिखितरूपमा प्राप्त नाम सहितका जिज्ञासा/सुझावहरू :

- श्री राज्यराम मानन्धर : यस संस्थाको विगत ५ वर्षको वित्तीय अवस्था हेर्दा प्रति शेयर आम्दानी तथा बुक नेटवर्थ घट्दै गएको देखिन्छ । भविष्यमा प्रमोटरलाई सुदृढ बनाउन के योजना छ ? प्रश्नको उत्तर चाहान्छु । धन्यवाद !
- श्री कृष्ण प्रसाद अधिकारी : श्रीमान् अध्यक्षज्यू, साना किसान लघुवित्त वित्तीय संस्थाले २७.२५ प्रतिफल दिएकोमा धन्यवाद । यसले साना किसानको क्षेत्रमा सहकारी खोल्दै आफ्नो कार्य बेजोड साथ गरेको छ । सदस्य महिला ७९ प्रतिशत रहेकाछन् । यो बेजोड कुरा हो । यो साना किसान भएपनि कामचाहीँ वित्तीय संस्थाको छ । ११ लाखलाई सेवा पुर्‍याउने लक्ष्य लिएको यो संस्था हो । यसको भविष्य उज्वल छ । वार्षिक प्रतिवेदन घर ठेगानामा पठाउने व्यवस्था गर्नुहोला । प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाको नेतृत्वमा यसले अरु प्रगति र प्रतिफल बढाओस् । दिन दुगुना रात चौगुना प्रगति गर्दै जाओस् । शुभकामना !
- Sanima Mutual Fund : Performance of the fund received from NRB, whether it will be improve the profitability or increase the NPA of SKBBL ? Authorised capital of Nrs. 2.75 billion, issued of Nrs. 2 billion and paidup 1 billion, mechanism to be followed to increase the capital.
- श्री चन्द्र प्रकास सुवेदी : रु. २.५ अर्बको ग्रमीण स्वावलम्बन कर्जा लिएको, गत बजेटमा रु. १ अर्ब व्यवस्था भएको, भर्खरै रु. ५.५ अर्ब एशियाली बैंकले दिएको भन्ने कुरा केहो ? हो भने यो कहिले ब्यालेन्स सिटमा आउछ ? भवन निर्माणको सवालमा पत्रिकामा नोटिस देखेको थिए । उक्त कामको बजेट के कति हो ? मर्जरको हल्ला के हो ?

## ८. पेश भएका सुझाव तथा जिज्ञासाहरूको जवाफ

छलफलमा भाग लिने सम्पूर्ण शेयरधनीहरूलाई धन्यवाद दिंदै त्यहाँ उठेका जिज्ञासाहरूको जवाफ अध्यक्ष श्री खेम बहादुर पाठक र केही प्रश्नहरूको जवाफ अध्यक्षज्यूको आज्ञाले प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोइरालाले दिनुभएको थियो ।

८.१. अध्यक्ष श्री खेम बहादुर पाठकले विभिन्न जिज्ञासाहरूको प्रष्ट पार्दै भन्नु भयो -

- धेरै दुःख गरेर धेरै काम गरिएको छ, प्रतिवेदनमा त्यो सबै समेट्न पनि कठिन छ । तैपनि हामीले अत्यन्त छोटो प्रतिवेदन तयार गरेको हो । गरेको काम साधारण सभामा भन्नै पर्ला भन्ने लाग्छ ।

- प्राप्त सुझावहरूलाई मनन गरी त्यसको कार्यान्वयन गर्न हामी प्रतिवद्ध छौं । आगामी दिनमा प्राप्त सुझावहरू अनुसार कमिकमजोरीहरू सच्याएर जान प्रयत्नशील हुन्छौं ।
- लाभाँस वा प्रतिफल बढी चाहियो भन्ने एकथरी भनाई अर्कोथरी सहुलियत चाहियो भन्ने भनाई यसमा सन्तुलन ल्याउन अति कठिन छ । तर हामी सन्तुलित बनाउदै लाने कार्यमा सजग छौं ।
- शुरुमा यो वित्तीय संस्था दर्ता गर्ने बेलामा कम्पनी वा सहकारी कुनरुपमा जाने भनी व्यापक छलफल हुँदा तत्कालको अवस्थामा जे सम्भव भयो त्यही गरेका हौं । लोकप्रिय बन्न कमजोर भनाई राख्न राम्रो हुँदैन । तर अस्पष्ट भएका कुराहरू भने राख्नै पर्छ ।
- त्यति कठिन जिज्ञासाहरू आएनन् । हाम्रो प्रतिवेदन यहाँहरूले सहर्ष स्वीकार गरिदिनु भएकोमा सबै उपस्थित शेयरधनी महानुभावहरू प्रति आभारी छु ।
- शेयरधनी महानुभावहरूले दिनु भएको सुझावलाई मनन गरी आगामी दिनमा काम गरिने छ । साथै यो लघुवित्त वित्तीय संस्था भएकाले यसको कार्य प्रकृति अनुसार ठुला परियोजनामा लगानी गर्न सक्ने अवस्था र छुट हुँदैन ।
- शेयरधनी महानुभावहरूलाई बस्न सहज र कम खर्चिलो होस् भन्ने हाम्रो मनासाय हो । यहाँहरूलाई परेको असुविधाका लागि क्षमा चहान्छु । नेपाल राष्ट्र बैंकको निर्देशन, हाम्रो नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून भित्र रही सम्भाव्यता हेरेर शेयरधनीहरूले सभामा भाग लिने सुविधाका सम्बन्धमा उपयुक्त निर्णय लिइने नै छ ।
- बैंकले पुँजीको लागतका आधारमा ब्याजदरलाई समसामयिक बनाउँदै आएको छ ।
- बैंकको क्षमताले भ्याएसम्म समान अवसरका लागि प्रयास गरिनेछ ।
- बैंकको १०-१२ हजार शेयरधनीलाई यस्तो सुविधा उपलब्ध गराउन सम्भव पनि छैन र नेपाल राष्ट्र बैंकको निर्देशन र नियमले पनि दिँदैन ।

८.२. वित्तीय संस्था व्यवस्थापनसँग सम्बन्धित केही जिज्ञासा तथा सुझावहरूका सम्बन्धमा सभाध्यक्षको अनुमतिमा बैंकका प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोइरालाबाट सभा समक्ष दिइएको जवाफ यस प्रकार रहेको छ : -

- सभामा गहनतम सुझावहरू प्रस्तुत भएका छन् । आगामी दिनमा बैंकका काम कारबाही अघि बढाउने सन्दर्भमा यी महत्वपूर्ण सुझावहरूलाई मध्यनजर गरी अघि बढाउँदा बैंकको कारोबारको गुणस्तरीय भई व्यवसाय बिस्तारमा सघाऊ पुग्ने समेत लागेको छ । महत्वपूर्ण सुझावहरूको पालना गरिनेछ ।
- वित्तीय संस्थाको वित्तीय सूचकाङ्कहरू सकारात्मक छन् । शेयरधनीहरूले राख्नु भएको जिज्ञासा र सुझावहरू अनुकरणीय छन् । साझेदार संस्थालाई वित्तीय रुपले सक्षम बनाउने, साना किसानहरुको जीवनस्तर उकास्न उपयुक्त कार्यक्रम तथा सुविधा र सहुलियत बढाउने, तथा शेयरधनीहरूलाई प्रतिफल दिने कुराको बिचमा यस वित्तीय संस्थाले सन्तुलितरूपमा व्यवस्थापन गर्ने गरकोछ । नाफा धेरै हुनु पर्छ भन्ने कुरा पनि ठीक हो तर साना किसानको जीवनस्तर उकास्न यो संस्था गठन भएको कुरा कहिल्यै बिर्सन पनि मिल्दैन । ब्याजदर कम हुनुपर्छ भन्ने भनाई ठिक हो तर यसले संस्था नबाच्ने गरी घटाउन सकिदैन । लागत हेरेर र बजारले ब्याजदर निर्धारण गर्दछ ।
- साधारण सभा छिटै गर्न प्राप्त सुझाव कार्यान्वयन गर्न हामी प्रयत्नशील हुनेछौं । पुँजी सानो भएका संस्था मर्जरमा जानु ठीक हो । हाम्रो क्यापीटल एडिक्वेसी र चुक्ता पुँजी राम्रो छ । कुनै संस्था एक्वायर्ड हुनसक्ने भए हामी त्यस तर्फ सोच्न सक्छौं । प्राप्त सुझावहरू पालना गर्न हामी प्रतिवद्ध छौ । साना किसानमा सेवा पुऱ्याउन हामी सधै सजग छौं । खर्च कम गर्न मितव्ययी हुने सन्दर्भमा साधारण सभाका सामाग्री राख्ने झोला सामान्य भएको हो । नगद लाभांश दिन पनि सकिन्छ । आगामी वर्षमा त्यसतर्फ पनि सोच्न सक्छौं । हामीलाई नेपाल सरकार लगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूले

समेत विश्वास गरेकाछन् । हाम्रो लागतकोषको आधारमा ब्याजदर निर्धारण हुन्छ । सहुलियत कर्जाका लागि प्रयत्नशिल रहँदै आएका छौं । इरायल जाने धेरैले राम्रो सीप सिकेर आएका छन् । केही पैसा पनि लिएर आएका छन् । केहीले राम्रो गर्न नसकेको होला धेरैले राम्रो गरेका छन् । हाम्रो बोनस शेयर २७ प्रतिशतभन्दा बढी वितरण गर्ने घोषणाले शेयरको बजार मुल्य केही कम भएको हुनसक्छ । तर क्यापीटल बलियो हुँदै गएको छ । ग्रामीण स्वावलम्वन कर्जाको कारणले निस्कृय सम्पत्ती सामान्य बढे पनि प्रशस्त कर्जा नोक्सानी कोष सहित भएकोले शंका गर्नु पर्दैन । अहिले प्रस्तुत गरिएको पुँजी वृद्धिको प्रस्ताव व्यवसाय वृद्धि गर्ने प्रस्ताव पनि हो । हामी व्यवसाय बढाउन प्रतिवद्ध छौं । हाम्रो वित्तीय सुचकहरू अत्यन्त राम्रा छन् । अरुले विश्वास गर्ने अवस्थामा छन् । नाफा र सेवा विस्तारको मागलाई सन्तुलन मिलाएर लान चुनौती छ तर हामी मिलाएर लान प्रतिवद्ध छौं ।

८.३. कम्पनी सचिव तथा कायममुकायम नायव प्रमुख कार्यकारी अधिकृत श्री झलेन्द्र भट्टराईबाट भएका क्रियाकलाप :

- कम्पनी सचिवद्वारा सभामा उद्घोषक र सहजकर्ताको कार्य सम्पादन गर्दै छलफल सत्रमा जिज्ञासा राख्ने शेयरधनीहरूको नामावली संकलन गरी क्रमवद्ध रुपमा आफ्नो भनाई राख्न मञ्चमा बोलाउनु भएको थियो । सभासम्बन्धी विषयहरूमा शेयरधनीहरूबाट राखिएको जिज्ञासाहरू सम्बोधन गर्नुभएको थियो । अध्यक्षज्यूबाट अनुमति दिइएका प्रस्तावहरू छलफल तथा स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको थियो ।

## ९. सभाको निर्णय

छलफलमा उठेका जिज्ञासाहरूको जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरू सभाद्वारा पारित गर्नका लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरूमा देहाय अनुसार गर्ने गरी शेयरधनीबाट सर्वसम्मत थपडी बजाएर स्वीकृत गरिएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम यस सभाले देहाय अनुसारका प्रस्तावहरु देहाय अनुसार सर्वसम्मत निर्णय गरेको घोषणा गरिएको थियो :-

**(क) सामान्य प्रस्ताव**

*१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व.२०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।*

निर्णय

अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूबाट करतलध्वनी सहित सर्वसम्मतिले पारित गरियो ।

*२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७५/०७६ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्वन्धी अनुसूचीहरू लगायत वार्षिक आर्थिक विवरणहरू समेत छलफल गरी पारित गर्ने ।*

निर्णय

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७५/७६ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरू लगायत वार्षिक आर्थिक विवरणहरू समेत छलफल गरी पारित गरिदिन सभामा पेश भएको प्रस्ताव उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गरियो ।

३. *कम्पनी ऐन २०६३ को दफा १११ एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) अनुसार आ.व. २०७६/७७ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने। (लेखा परिक्षण समितिबाट कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को अधिनमा रही लेखापरीक्षकको पुनः नियुक्तिका लागि पूर्ववत सेवा शर्त कायमै रहने गरी साविकका लेखापरीक्षक सि.ए. खगेन्द्र भट्टराई (खगेन्द्र एण्ड एसोसिएट्स) चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भई आएको छ।)*

निर्णय

यस वित्तीय संस्थाको आ.व.२०७६/७७ को लागि लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा वित्तीय संस्थाको लेखा परीक्षण समितिको सिफारिस सहित सभामा प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा यस वित्तीय संस्थाको आ.व.२०७६/७७ को कारोबारको आधारमा कम्पनी ऐनको दफा ७८ बमोजिमका प्रगति विवरण प्रमाणित र कर लेखा परीक्षण सहितको लेखापरीक्षण कार्य सम्पन्न गर्नका लागि लेखापरीक्षकमा श्री खगेन्द्र भट्टराई, खगेन्द्र एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्टस्लाई मूल्य अभिवृद्धि कर सहित एकमुष्ट रु. २,५०,०००/- (दुई लाख पचास हजार) मात्र पारिश्रमिक प्रदान गर्ने गरी लेखा परीक्षक नियुक्त गर्न सर्वसम्मतिबाट निर्णय पारित गरियो।

४. *आ.व.२०७५/७६ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरूलाई चुक्ता पुँजी रु. ७८,६०,३४,९१२.११ को १.४३४२१०५२६ प्रतिशतले हुने रु. १,१२,७३,३९५.४५ (अक्षेरेपी एक करोड बाह्र लाख त्रिहत्तर हजार तीन सय पन्चानब्बे रुपियाँ पैंतालिस पैसा मात्र) नगद लाभांश ( कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।*

निर्णय

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/०७६ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरूलाई ७८,६०,३४,९१२.११ को १.४३४२१०५२६ प्रतिशतले हुने रु. १,१२,७३,३९५.४५ (अक्षेरेपी एक करोड बाह्र लाख त्रिहत्तर हजार तीन सय पन्चानब्बे रुपियाँ पैंतालिस पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धमा छलफल हुँदा सञ्चालक समितिले प्रस्ताव गरेबमोजिमको नगद लाभांश प्रदान गर्न सर्वसम्मतिले स्वीकृति प्रदान गर्ने निर्णय भयो।

५. *यस वित्तीय संस्थाको स्वतन्त्र सञ्चालक पदमा मिति २०७६/०२/२० गते श्री उपहार राज घिमिरे (चार्टर्ड एकाउण्टेण्ट) नियुक्त भएको जानकारी सम्बन्धमा।*

निर्णय

वित्तीय संस्थाको सञ्चालक समितिको निर्णयानुसार स्वतन्त्र सञ्चालक पदमा मिति २०७६/०२/२० गते श्री उपहार राज घिमिरे (चार्टर्ड एकाउण्टेण्ट) नियुक्त हुनु भएको जानकारी गरियो।

(ख) विशेष प्रस्ताव :

१. *यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको अधिकृत, जारी र चुक्ता पुँजी क्रमशः रु.१ अर्ब, रु. १ अर्ब र रु. ६४ करोडमा वृद्धि गरी क्रमशः रु. २ अर्ब ७५ करोड, रु.२ अर्ब र रु. १,०००,२२९,४२५.६६ कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने सम्बन्धमा ।*

निर्णय

यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको अधिकृत, जारी र चुक्ता पुँजी क्रमशः रु.१ अर्ब, रु. १ अर्ब र रु. ६४ करोडमा वृद्धि गरी क्रमशः रु. २ अर्ब ७५ करोड, रु.२ अर्ब र रु. १,००,०२,२९,४२५.६६ कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने सम्बन्धमा छलफल हुँदा सञ्चालक समितिले प्रस्ताव गरेबमोजिमको पुँजी बृद्धि कायम गरी सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधनका लागि स्वीकृति प्रदान गरियो ।

२. *सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/७६ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयर धनीहरूलाई चुक्ता पुँजी रु.७८,६०,३४,९१२.११ को २७.२५ प्रतिशतले हुने रु. २१,४१,९४,५१३.५५ (अक्षरेपी एक्काइस करोड एकचालिस लाख चौरानब्बे हजार पाँच सय तेह्र रुपैयाँ पचपन्न पैसामात्र) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।*

निर्णय

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/७६ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयर धनीहरूलाई चुक्ता पुँजी रु.७८,६०,३४,९१२.११ को २७.२५ प्रतिशतले हुने रु. २१,४१,९४,५१३.५५ (अक्षरेपी एक्काइस करोड एकचालिस लाख चौरानब्बे हजार पाँच सय तेह्र रुपैयाँ पचपन्न पैसामात्र) बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव उपर छलफल हुँदा यसै प्रस्ताव बामेजिम हुनेगरी शेयरधनीहरूलाई चुक्ता पुँजी रु.७८,६०,३४,९१२.११ को २७.२५ प्रतिशतले हुने रु. २१,४१,९४,५१३.५५ (अक्षरेपी एक्काइस करोड एकचालिस लाख चौरानब्बे हजार पाँच सय तेह्र रुपैयाँ पचपन्न पैसामात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

३. *सञ्चालक समितिको बैठक भत्ता तथा सुविधा वृद्धि गर्ने सम्बन्धमा ।*

निर्णय

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिमको सञ्चालक समितिको बैठक भत्ता तथा सुविधा बृद्धि सम्बन्धी प्रस्ताव उपर छलफल गर्दा नियामक निकायबाट स्वीकृति लिनुपर्नेमा स्वीकृति लिई कार्यान्वयन गर्ने गरी प्रस्ताव गरे बमोजिम देहाय अनुसार हुने गरी सञ्चालक समितिका पदाधिकारीहरुको भत्ता तथा सुविधा बृद्धि गर्न स्वीकृति प्रदान गरियो : -

| हालको व्यवस्था | संशोधन भई लागु हुने व्यवस्था |
| --- | --- |
| नियम २९.सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :<br>(१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br>(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता जनही रु.४०००/- हुनेछ ।<br>(ग) वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>(आ) काठमाडौं उपत्यका बाहिरका सञ्चालकले काठमाडौं उपत्यका बाहिरबाट सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा एकमुष्ठ रु. १५००/- मात्र र काठमाडौं उपत्यका भित्रका सञ्चालकले सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा एकमुष्ठ रु.१,०००/- मात्र स्थानीय परिवहन तथा भैपरी खर्च दिइनेछ ।<br>(घ) वित्तीय संस्थाका सञ्चालकलाई प्रदान गरिने टेलिफोन, सञ्चार एवं सवारी साधान सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ : -<br>(अ) आफ्नो कार्यालयबाट टेलिफोन सुविधा नपाएका अध्यक्षलाई प्रतिमहिना रु. २,५००/- (अक्षरेपी दुई हजार पाँच सय मात्र ) र टेलिफोन सुविधा नपाएका सञ्चालकलाई प्रतिमहिना रु. १,०००/- (अक्षेरेपी एक हजार मात्र) उपलब्ध गराइनेछ । तर, अध्यक्ष/सञ्चालकले आफ्नो कार्यालयबाट माथि उल्लेख गरे भन्दा कम टेलिफोन सुविधा लिएको भएमा सो कम भए जत्तिको फरक रकम मात्र उपलब्ध गराइनेछ । | नियम २९.सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :<br>(१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br>(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता जनही रु. ६,०००/- (अक्षरेपी छ हजार रुपैयाँ) मात्र हुनेछ ।<br>(ग) वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालक लाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-<br>(आ) काठमाडौं उपत्यका बाहिरका सञ्चालकलाई काठमाडौं उपत्यका बाहिरबाट सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा एकमुष्ठ रु. २,५००/- (अक्षरेपी दुई हजार पाँचसय रुपैयाँ) मात्र र काठमाडौं उपत्यका भित्रका सञ्चालकलाई सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा एकमुष्ठ रु. २,०००/-( अक्षरेपी दुई हजार रुपैयाँ) मात्र स्थानीय परिवहन तथा भैपरी खर्च दिइनेछ ।<br>(घ) वित्तीय संस्थाका सञ्चालकलाई प्रदान गरिने टेलिफोन, सञ्चार एवं सवारी साधान सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ : -<br>(अ) सञ्चार सुविधा : - टेलिफोन, ईन्टरनेट आदि सुविधा वापत अध्यक्षलाई प्रतिमहिना रु. ३,०००/- (अक्षरेपी तीन हजार रुपैयाँ) मात्र र सञ्चालकलाई प्रतिमहिना रु. २,०००/- (अक्षेरेपी दुई हजार रुपैयाँ) मात्र उपलब्ध गराइनेछ । |

*४. नियमनकारी निकायबाट प्रवन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।*

निर्णय

नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा छलफल हुँदा सञ्चालक समितिले प्रस्ताव गरेअनुसारको नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने भनी सर्वसम्मतले निर्णय भयो ।

## १०. सभा विसर्जन

१०.१. साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने व्यहोरा सभालाई जानकारी गराईयो ।

१०.२. सभाको अन्त्यमा सम्पूर्ण शेयरधनी महानुभाव एवं सभामा प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नु हुने सबैमा सभाका अध्यक्ष श्री खेम बहादुर पाठकले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

१०.३. छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका अध्यक्ष श्री खेम बहादुर पाठकले अठारौं वार्षिक साधारण सभामा भएका छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनु भएका सम्पूर्ण संस्थापक शेयरधनी तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, साझेदार संस्थाहरु, शुभचिन्तकहरु तथा संस्थाको उत्तरोत्तर विकासका लागि अहोरात्र खटिनुभएका लगनशिल, इमान्दार र योग्य कर्मचारीहरु सबैलाई आफ्नो र सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद दिनु भयो । संस्थाको प्रगतिको लागि निरन्तर सहयोग र मार्गदर्शन गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत सम्पूर्ण सम्बन्धित सरकारी निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरु प्रति कृतज्ञता व्यक्त गर्दै यस संस्थाको गतिविधीलाई सकारात्मक रुपमा जनसमक्ष पु-याउन सहयोग गर्ने सम्पूर्ण सञ्चार माध्यम र प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा

संस्थाको प्रगतिमा सहयोग गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु प्रति आभार प्रकट गर्नु भयो । यस गरिमामय सभामा प्रस्तुत गरिएका सबै साधारण तथा विशेष प्रस्तावहरुमा छलफल गरी यसलाई पारित गरिदिनु भएको पुनः धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सबै क्षेत्रबाट यस संस्थाको प्रगतिका लागि अझ बढी सहयोग, स्नेह तथा सद्भाव प्राप्त हुने विश्वासका साथ अठारौं वार्षिक साधारण सभा यहीं विसर्जन भएको घोषणा गर्नु भयो ।

२०७६।९।२६

(झलेन्द्र भट्टराई)
कम्पनी सचिव

(खेम बहादुर पाठक)
अध्यक्ष

पौष २६, २०७६

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
२०५८
केन्द्रीय कार्यालय
काठमाडौं